# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पोखरा, कास्की

गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६१-५७५६४०
**Postal Code: 6X9P+4F Pokhara**
ईमेल: info@pokharamun.gov.np
वेबसाइट: pokharamun.gov.np


पत्र संख्या : २०८२/०८३
च.नं. :

## सार्वजनिक जग्गामा निर्माण भएको संरचना हटाउने सम्बन्धी सार्वजनिक सूचना
## (मिति: २०८३/०३/२५)

जिल्ला प्रशासन कार्यालय, कास्कीको च.न. ७७२२, मिति २०८३/०२/२८ र च.न. ९२१९, मिति २०८३/०३/२२ को पत्र, भूमि प्रशासन कार्यालय, लेखनाथ, कास्की तथा नापी कार्यालय, लेखनाथ, कास्कीबाट प्राप्त प्रतिवेदन एवं स्थलगत निरीक्षणका आधारमा पोखरा महानगरपालिका वडा नं. ३० अन्तर्गत सिसुवा खोरखार/पर्वती मन्दिर आसपास नेपाल सरकारको नाममा दर्ता रहेको कित्ता नं. २४१ (क्षेत्रफल ६-१५-०-३), कित्ता नं. ४०९ (क्षेत्रफल ६-११-०-०), कित्ता नं. ४१४ (क्षेत्रफल २-१५-२-३) र कित्ता नं. ४१५ (क्षेत्रफल ७-१३-०-०) मा कच्ची तथा पक्की संरचना निर्माण गरी सार्वजनिक जग्गा अतिक्रमण भएको देखिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मुलुकी देवानी संहिता, २०७४ तथा प्रचलित कानुनबमोजिम सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण हटाउने अधिकार स्थानीय तहमा रहेको हुँदा उक्त सार्वजनिक जग्गामा निर्माण गरिएका सम्पूर्ण कच्ची तथा पक्की संरचना यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित व्यक्तिले आफ्नै खर्चमा हटाई सार्वजनिक जग्गा खाली गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तोकिएको अवधिभित्र संरचना नहटाएमा पोखरा महानगरपालिकाले प्रचलित कानून बमोजिम संरचना हटाउने कार्य गर्नेछ। सो कार्यबाट लाग्ने सम्पूर्ण खर्च सम्बन्धित अतिक्रमणकर्ताबाट प्रचलित कानुनबमोजिम असुलउपर गरिनेछ।

पोखरा महानगरपालिका